संयुक्त राष्ट्रसंघका महासचिवको नेपालस्थित विशेष प्रतिनिधि
इयान मार्टिनको
प्रेस वक्तव्य
चैत्र ८ २०६३ (मार्च २२, २००७)

यहाँहरुलाई थाहा नै होला यो प्रेस सम्मेलन हिजो रौतहटमा भएको हत्याबारे थाहा पाउनुअगावै आयोजना गर्ने निधो गरिएको थियो । उक्त घटनाले नेपालसँगै विश्व समुदायलाई समेत स्तब्ध तुल्याएको छ । यस्ता घटना हुन नदिन सकिन्थ्यो र सक्नुपर्थ्यो । म अर्को के कुरामा पनि विश्वस्त छु भने यस्ता भयावह घटनाहरुले सबै दलका नेताहरुलाई आफना कार्यकर्ताको जीवन जोखिममा नपार्न तथा समस्त नेपालीहरु, खासगरी तराईवासी नेपालीहरुलाई सोचेर शान्तिपूर्ण ढंगले आफ्ना लक्षहरु पूर्ति गर्नेतर्फ घचघच्याउनेछन् । हिंसाले गर्दा उपयुक्त मागहरुसमेत ओझेलमा पर्नसक्छन् भने उत्तेजक कृयाकलापहरुले झन चर्को द्वन्द्व निम्त्याउन सक्छन् ।

अन्मिनको स्थापना विगत केही महिनादेखि निरन्तर प्रकृयाको रुपमा रहिआएको छ । हाम्रा प्रमुख अधिकृतहरुको आगमन शीघ्र गराउने सिलसिलामा हामीले सुरक्षा परिषदलाई आग्रह गरेअनुरुप त्यहाँबाट हतियार अनुगमनकर्ताहरु तथा निर्वाचन सल्लाहकारहरु नियुक्त गर्ने अधिकार प्राप्त गरिसकेका छौं । सो कार्य सुरक्षा परिषदबाट औपचारिक आदेश प्राप्त गर्नुभन्दा अगावै सम्पन्न भएको छ । यसबाट हामीलाई महत्वपूर्ण ढंगले कामको थालनी गरी वास्तविक कार्यक्षेत्रमा जान सजिलो तुल्याएको छ । शान्ति प्रकृयालाई थप सहयोग गर्नका लागि अन्मिनको कार्यक्षमता बढाउनेतर्फ आज न्यूयोर्कमा एक महत्वपूर्ण कदम चालिनेछ । त्यस अवसरमा महासभाको पाँचौं समितिले अन्मिनलाई बजेट प्रदान गर्ने प्रस्ताव पारित गर्ने अपेक्षा गरिएको छ । प्रशासकीय तथा बजेट सम्बन्धी सवालहरु हेर्ने सल्लाहकार समितिको सिफारिशअनुसार उक्त रकम अमेरिकी डलर ८८,८२२,००० हुनेछ । त्यो रकम महासचिवले आग्रह गरेको अमेरिकी डलर ९१,५२३,३०० भन्दा केही मात्र कम रहेको छ । अन्ततः अन्मिनको कर्मचारी संख्या सबैखाले अन्तर्राष्ट्रिय कर्मचारीहरु गरी ७०० भन्दा केही कम हुनेछ । यसअन्तरगत १८६ जना हतियार अनुगमनकर्ता र २५८ जना राष्ट्रसंघीय स्वयंसेवकहरु रहने छन् । साथै ४०० भन्दा कम राष्ट्रिय स्तरका कर्मचारीहरु हुनेछन् ।

अन्मिनको उपस्थितिको एउटा लक्ष रहेको छः नेपाललाई विश्वसनीय ढंगले संविधान सभाको निर्वाचन गराउन सघाउनु । हतियार व्यवस्थापन त्यस्तो वातावरण सृजना गर्ने एउटा पक्ष हो । यस सन्दर्भमा हामीले पहिलो चरणको दर्ता प्रकृयाका परिणामहरु सार्वजनिक गर्दा उठेका केही विवादहरुबारे प्रष्ट्याउन चाहन्छु । सर्वप्रथम त माओवादी नेतृत्वको व्यक्तिगत सुरक्षाका सम्बन्धमा सरकार तथा नेकपा (माओवादी) बीच अझ पनि सहमति भइनसकेकोमा मलाई दुख लागेको छ । यस सहमति नभएको सन्दर्भमै अन्मिनले माओवादीद्वारा अस्थायी शिविरबाहिर राखिएका ९६ हातहतियार दर्ता गरेको छः तर त्यसको अर्थ अन्मिनले त्यसरी हतियार राख्न सहमति दिएको भन्ने बुझ्नु हुँदैन । उक्त मुद्दा राष्ट्रसंघको नभई सरकारसँग सम्बन्धित रहेको छ । दोस्रो कुरा के हो भने माओवादीहरुका प्रमुख हतियार सकेट बम तथा अन्य घरेलु विष्फोटक उपकरणहरु रहेको सर्वविदितै छ । तर ती अन्य हातहतियारसँगै दर्ता गरी राखिने कुरा कहिल्यै अपेक्षा गरिएको थिएन । सुरक्षाको दृष्टिले ती विष्फोटक तथा उपकरणहरु हरेक प्रमुख अस्थायी शिविरबाहिर सुरक्षित दूरीमा भण्डारण गरिने सहमति भएको थियो । तिनीहरु एकएक गरी गिन्ती गरिएका छैनन् तर सुरक्षाको दृष्टिले जमिनमुनि ओछ्याइएका विष्फोटक तथा घरेलु विष्फोटक उपकरणहरुसँग सम्बन्धित अन्मिनका विज्ञहरुद्वारा तिनको निरीक्षण गरिंदै आएको छ । स्याटलाइट स्थलबाट मुख्य अस्थायी शिविरहरुबाहिर सारिनु पर्ने घरेलु विष्फोटक उपकरणहरुको संख्या उल्लेख्य रहेको छ । विष्फोटक पदार्थ तथा उपकरणहरु नष्ट गर्नका लागि आवश्यक प्राविधिक सल्लाह प्रदान गर्न अन्मिन तत्पर रहेको छ । तेस्रो कुरा के हो भने माओवादी लडाकूका सबै हातहतियारहरु दर्ताका लागि प्रस्तुत गरिएको अथवा नगरिएको भन्ने कुराको निर्क्यौल गर्ने निकाय राष्ट्रसंघ नभएको प्रष्ट्याउन चाहन्छु । तर माओवादी सेनाको उपकमाण्डरले भविष्यमा फेला पर्ने हतियारका बारेमा संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) लाई जानकारी गराउने जाहेर गरेको प्रतिवद्धताबारे सबैको ध्यानाकर्षण गराउन चाहन्छु । साथै उनले अन्य हतियार फेला परे ती स्वतः गैरकानूनी ठहरिने प्रतिवद्धताबारे पनि ध्यानाकर्षण गराउन चाहन्छु । म माओवादीका साथै अवैधानिक ढंगले हतियार राखेका सबै पक्षलाई ती हतियार बुझाउन आग्रह गर्दछु । साथै सबै राजनीतिक दलहरुलाई हतियार सम्बन्धमा कानूनको सक्दो कडाइसाथ पालना गर्नगराउने दिशामा प्रहरीलाई सहयोग गरिदिनु हुन पनि आग्रह गर्दछु ।

सेना तथा हतियार व्यवस्थापनको दिशामा अर्को चरणमा नेपाली सेनाले समान संख्यामा हातहतियार भण्डारण गर्नु पर्नेछ । साथै उनीहरुले छिटै नै आफ्ना प्रस्ताव जेएमसीसीसमक्ष राख्ने अपेक्षा गरिएको छ । दोस्रो चरणको दर्ता प्रकृयाका सम्बन्धमा मैले माओवादी नेतृत्वलाई के प्रष्ट पारिसकेको छु भने अन्मिनले अस्थायी शिविरहरुमा उल्लेख्य संख्यामा नाबालिगहरु तथा ११ ज्येष्ठ,२०६३ (२५ मई २००६) पछि भर्ना गरिएका व्यक्तिहरु रहेको कुरामा विश्वस्त रहेको छु । यस सम्बन्धमा मैले उनीहरुलाई सहमतिअनुरुप शिविरबाट निकाल्नका लागि उनीहरुको सहयोगबारे आग्रह गरिसकेको छु ।

राष्ट्रिय निर्वाचन अधिकृतहरुलाई प्राविधिक सहयोग प्रदान गर्ने आदेश परिपूर्तिका लागि हामी निर्वाचन आयोगसँग निकट सहकार्य गर्दै आएका छौं भने आयोगले अति जटिल परिस्थितिमा निर्वाचन व्यवस्थापन तथा सम्पन्न गराउन आफू तत्पर हुने प्रयास गर्दैछ । जटिल राजनीतिक परिस्थितिले समयमै निर्णय लिइने प्रकृयालाई निकै लम्ब्याइ रहेको छ । उक्त  कुरा शुरुदेखिनै महत्वाकाँक्षी रहेको निर्वाचनका लागि आवश्यक रहेको छ । अझ महत्वपूर्ण काम गर्न बाँकी नै रहेको छर्लंगै छ । यसअन्तरगत राजनीतिक दलहरुका साथै सामाजिक रुपले बाहिरिएका समूहहरुलाई समेत स्वीकार्य हुने मतदान प्रणालीबारे जनमत तयार पार्नु जरुरी छ । यसका लागि खुला वार्ता हुनु पर्छ र मलाई आशा छ त्यस कामका लागि रुचि बढ्दो छ । अन्ततः निर्वाचनको लक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य परिणाम दिनुका साथै साँचो अर्थमा प्रतिनिधिमूलक र नेपाली जनताको अपेक्षाहरु पूर्ण हुने खालका संविधान निर्माण गर्नसक्ने संविधान सभाको आयोजना गर्नु हो । निर्वाचनको निष्पक्षता तथा विश्वसनीयता सुनिश्चित गर्नका लागि समय र प्रयासको खाँचो छ ।

विश्वसनीय निर्वाचनका लागि सेना तथा हतियारको व्यवस्थापनका साथै उपयुक्त कानून तथा प्राविधिक तयारीहरु पनि गर्नु पर्छ । यसका लागि सबै राजनीतिक दलहरुले सबै स्थानमा स्वतन्त्र ढंगले चुनावी अभियान थाल्न सक्ने र सबै मतदाताले बिना डरत्रास र धम्की मतदान गर्न पाउने वातावरण सृजना गर्नु पर्छ । यस काममा जिल्ला तथा गाउँहरुमा रहेका राजनीतिक दलहरु, स्थानीय निकाय तथा प्रहरीले राजनीतिक बहुलता तथा सार्वजनिक सुरक्षाको वातावरण तयार पार्न सहयोग गर्नुपर्ने देखिन्छ । विभिन्न तत्वद्वारा राजनीतिक प्रतिस्पर्धीहरुको अधिकार हननका घटनाहरुबारे पढ्दा मलाई क्षुब्ध तुल्याएको छ । राजनीतिक स्वतन्त्रता सबै समूहबाट उपभोग गर्न पाउनु पर्छ । राष्ट्रसंघले विभिन्न क्षेत्रमा मानवाधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय (ओएचसीएचआर) तथा अन्मिनको नियुक्ति गरी यस कार्यमा सघाउन सक्छ र राष्ट्रसंघले सधैं स्वतन्त्र राष्ट्रिय अनुगमन संस्थासंग मिलेर काम गर्ने अपेक्षा गरिन्छ । तर राष्ट्रिय स्वतन्त्र अनुगमन समिति विघटन भएदेखिनै एक स्वतन्त्र राष्ट्रिय अनुगमन निकाय खडा गर्नु पर्ने देखिएको छ । राजनीतिक दलहरुले संचार माध्यमहरुले आफूहरुमाथि आफ्ना प्रतिवद्धता पूरा गर्न नसकेको मिथ्या आरोप लगाएको दावी गर्छन् भने उनीहरु सबै राजनीतिक दलहरुबाट स्वतन्त्र रहेको एउटा लक्षपूर्ण निकाय खडा गर्ने कुरामा चासो पनि राख्नुपर्नेछ ।

म काठमाण्डू तथा मोफसलमा व्यापारी तथा अन्य व्यक्तिहरुको अपहरण तथा कूटपीटका घटनाबाट पनि चिन्तित भएको छु । यस सन्दर्भमा कुनै व्याख्या अथवा बहाना प्रस्तुत नगरी आपराधिक छानबिनमा सहयोग गर्नु नै एकमात्र उपयुक्त काम हुनेछ । यसबाट कुनै पनि हिंसात्मक कार्य गर्ने व्यक्तिलाई कारबाही गर्न सहयोग पुग्नेछ । मैले माओवादी नेतृत्वसमक्ष योंग कम्युनिष्ट लिग (वाइसीएल) भनेको शान्तिपूर्ण राजनीतिक संगठन हुनुपर्छ भन्ने चिन्ता व्यक्त गरिसकेको छु । उनीहरुले कानून पालना गराउने काममा संलग्न हुनुहुँदैन । यस सम्बन्धमा म माओवादीहरु एवं नागरिक समाजबीच कानूनलाई, खासगरी हालसम्म प्रहरी अनुपस्थित रहेका क्षेत्रमा, कसरी प्रभावकारी ढंगले कार्यान्वयन गराउनेबारे छलफल गर्न प्रोत्साहित गर्नेछु ।

अहिले नेपालको शान्ति प्रकृया दुखद तथा कठिन मोडमा आएको छ । त्यसैले नेपालले आफ्नो भविष्य कोर्नका लागि आवश्यक प्रजातान्त्रिक संरचना सृजना गर्ने यस घडीमा थप कुनै पनि हिंसात्मक कार्य नगर्न शुरुमाझैं आह्वान गर्दै म आफ्नो कुरा यही टुंग्याउँछु ।